# बालमजदुरी र शैक्षिक उपलब्धि

त्रिभूवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विषय, स्नातकोत्तर तह (एम्.एड्.) दोस्रो वर्षको आंशिक आवश्यकता

पुरा गर्नका लागि तयार पारिएको

**शोधपत्र**

**शोधकर्ता**

कमल प्रसाद गुरागाई

क्याम्पस रोल नं. २००

परीक्षा क्रमाङ्क : २१४०१०५

त्र.वि.दर्ता नं. १११५२-९१

शैक्षिक बर्ष : २०६४।०६५

त्रिभूवन विश्व विद्यालय

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

सुकुना बहुमुखी क्याम्पस, कोसी हरैचा, मोरङ्ग

२०७३

बालमजदुरी र शैक्षिक उपलब्धि - कमल प्रसाद गुरागाई -शैक्षिक योजना तथा व्यवस्थापन विभाग -२०७३

# कृतज्ञता ज्ञापन

*"बालमजदुरी र शैक्षिक उपलब्धि "* शीर्षकको शोधपत्र त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र संकाय अन्तर्गत शिक्षा योजना तथा व्यवस्थापन मूल विषय लिई अध्ययनरत स्नातकोत्तर तह दोस्रो वर्षको आवश्यकता पुरा गर्ने प्रयोजनको लागि तयार पारिएको हो ।

यस शोधपत्रको शीर्षक छनौट देखि शोध लेखनकार्य पूरा गर्ने समय सम्म आवश्यक सल्लाह, सुझाव तथा परामर्श दिनुहुने सुकुना वहुमुखी क्याम्पसका शोध निर्देशक तथा शैक्षिक योजना तथा व्यवस्थापन विभागका प्रमुख श्री केशवराज भट्टराई, क्याम्पस प्रमुख श्री पीतकुमार श्रेष्ठ, श्री सहायक क्याम्पस प्रमुख लक्ष्मीकुमार श्रेष्ठ ज्यू प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । अध्ययनका क्रममा आवश्यक पर्ने सूचना, तथ्याङ्क तथा जानकारी प्रदान गर्नुहुने सुकुना स्रोतकेन्द्रका स्रोतब्यक्ति श्री सोम नाथ निरौला ज्यु, विद्यालयका प्रधानाध्यापकहरू श्री ठाकुर प्रसाद सुबेदी, राहीतराज ढकाल र दुर्गा प्ररसाद गौतम, शिक्षकहरू, अभिभावकहरू तथा विद्यार्थीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । अध्ययनका क्रममा प्रत्यक्ष र परोक्षरुपमा सहयोग पुऱ्याउने मेरा आदरणीय दाजु लक्ष्मी प्रसद गुरागाई, र बिदुर सुवेदी सर लाई धन्यवाद दिन चाहन्छु ।

अध्ययन कार्यमा लाग्न सधैंभरी प्रेरित गरिरहने मेरी जीबन साथि सुनिता घिमिरे ( गुरागाई) तथा मेरा घरपरिवारका सदस्यहरूप्रति आभार व्यक्त गर्न चाहन्छु ।

कमल प्रसाद गुरागाई

## शोधसार

***"बालमजदुरी र शैक्षिक उपलब्धि "*** शीर्षकमा तयार पारिएको सोधपत्रको मुख्य उद्देश्य बाल मजदुरी गर्ने विद्यार्थीहरुको शैक्षिक उपलब्धिको विश्लेषण गर्नु रहेको छ ।

यो अध्ययन परिमाणात्मक र गुणात्मक मिश्रित अनुसन्धान ढाँचामा आधारित छ । यस अध्ययनमा सामान्य सम्भावनायुक्त नमूना छनौट विधिको प्रयोग गरी माध्यमिक विद्यालयहरूको छनौट गरी सोध कार्यलाई अगाडी बढाईएको छ । उद्देश्यमूलक नमुना छनौट विधिको प्रयोग गरी स्रोतकेन्द्रका स्रोतव्यक्ति, सम्वन्धित विद्यालयका प्रधानाध्यापकहरू, बालमजदुरी गर्ने विद्यार्थीहरु र तिनका अभिभावकहरूलाई छनौट गरिएको छ । त्यसैगरी सामान्य सम्भावनायुक्त नमुना छनौट विधिको प्रयोग गरी शिक्षकहरूको छनौट गरिएको छ । नमुना छनौटमा परेका व्यक्तिहरूसँग अन्तर्वार्ता, छलफल, प्रश्नावलीको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ । अध्ययनमा प्राथमिक स्रोतको रुपमा प्रश्नावली तथा अन्तर्वार्ता र छलफलका माध्यमवाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई लिइएको छ भने सहायक स्रोतको रुपमा विद्यालयको अभिलेखलाई लिइएको छ ।

बालबालिका आफ्नो अध्ययन गर्ने उमेरमा शारीरिक तथा मानसिक रुपमा असर पुग्ने खालका काममा सम्लग्न भएको कारणले शैक्षिक उपलब्धिक न्युन रहेको भेटियो । बालबालिका घरेलु श्रमिकका रुपमा आफ्नो तथा अर्काको घरमा काम गरिरहेका, कृषि श्रमिकको रुपमा ज्याला मजदुरी गरिरहेका, यातायात, होटल तथा अन्य क्षेत्रमा बालबालिकाले काम गरिरहेको प्रत्यक्ष देखियो । बालबालिकाले काम गर्ने क्षेत्रमध्ये सवैभन्दा बढी घरेलु श्रमिकको रुपमा, दोस्रोमा कृषि श्रमिकको रुपमा काम गरिरहेको अवस्था पाइयो । त्यसैगरी यातायात, होटल तथा अन्य क्षेत्रमा पनि काम गरिरहेको पाइयो । बालबालिकाले बालमजदुरी गर्नुपर्ने कारणहरूमा अभिभावकहरूका जनचेतनामा कमी, परिवारको आकार ठूलो हुनु, बालबालिका तथा परिवारका सदस्यहरू रोगीहुनु, परिवारको आर्थिक अवस्था कमजोर हुनु, निशुल्क श्रमिकको रुपमा

छोराछोरीको प्रयोग गर्नु, शिक्षकले विद्यालयमा भेदभावपूर्ण व्यवहार गर्नु, विद्यालयको वातावरण बालमैत्री नहुनु, कक्षामा अनुत्तिर्ण हुनु आदि रहेको पाइयो ।

बालबालिकाको बालमजदुरीको अवस्थालाई सुधार गरी शैक्षिक उपलब्धिमा बृद्धिगर्नकालागी अशिक्षित तथा शिक्षाको महत्व नबुझ्केका अभिभावकहरूलाई विद्यालय परिवार साथै विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु मिलि बेलाबेलामा अभिभावक भेला गराई शिक्षाको आवश्यकता र महत्व बुझाउनु पर्छ । सरकारका तर्फ बाट गरिवी न्यूनीकरणका गर्नका लागी प्रभाबकारी निति बनाई त्यसता कार्यक्रमहरू सञ्चालन गरेर, बिद्यालयको तर्फबाट गरिव तथा जेहेन्दार विद्यार्थीहरूका लागि निस्पक्ष ढंगबाट छात्रवृत्ति वितरण गर्नुका साथै उक्त छात्रवृत्ति रकमको सही सदुपयोग गरेर, विद्यालयमा हुने भेदभावपूर्ण व्यवहारको अन्त्य गर्नुपर्छ ।

सरकारको तर्फबाट शिक्षाको लागि सरोकारवाला पक्षहरूलाई बढी जिम्मेवार र उत्तरदायी बनाउने नीतिगत व्यवस्था मिलाउनु पर्छ । आर्थिक रुपमा विपन्न ग्रामिण समुदायका जनसमुदायहरूलाई उनीहरूको आर्थिक स्तर उकास्ने तथा आत्मनिर्भर बनाउने किसिमका कार्यक्रमहरू संचालन गर्नुपर्दछ । विद्यालय परिवार साथै विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुले छात्रवृत्ति वितरण कार्यलाई समुचित रुपमा लक्षित वर्गको पहिचान गरी वितरण गरिनुपर्दछ । शिक्षक तथा बिद्यालयले विद्यार्थीहरूको मनोविज्ञानलाई बुझ्केर पठनपाठन गराउने व्यवस्था गराउनु पर्दछ । पाठ्यक्रम तथा पाठ्यपुस्तकहरू व्यवहारिक र समसामयिक बनाउदै शिक्षण क्रियाकलापको सम्वन्धित निकायहरूवाट निरन्तर निरीक्षण तथा अनुगमनको व्यवस्था मिलाउनु पर्दछ ।

# विषय सूची

**क.सं. शिर्षक पेज नं.**


## परिच्छेद एक

**परिचय**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ४

१.३ अध्ययनको औचित्य ४

१.४ अध्ययनको उद्देश्य ५

१.५ अनुसन्धानात्मक प्रश्नहरु ५

१.६ अध्ययनको परिसीमा ६

१.७ सम्बन्धित शब्दावलीहरूको परिभाषा ६

## परिच्छेद दुई

सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन ७

२.२ अध्ययनको सैद्धान्तिक खाका १०

२.३ पुनरावलोकनको उपादेयता १२

## परिच्छेद तीन

**अध्ययन विधि**

३.१ अनुसन्धानात्मक ढाँचा १३

३.२ तथ्याङ्क संकलन प्रक्रिया १३
३.२.१ जनसंख्या १३
३.२.२ नमूनाको आकार १३
३.२.३. नमूना छनोट विधि १४
३.२.४ नमूना छनोटको आधार १४
३.३ तथ्याङ्क संकलनका साधनहरू १४
३.३.१ अन्तरवार्ता अनुसूची १४
३.३.२ प्रश्नावली १५
३.४ तथ्याङ्कका स्रोतहरू १५
३.४.१ प्राथमिक स्रोत १५
३.४.२ सहायक स्रोत १५
३.५ तथ्याङ्क विश्लेषण प्रक्रिया १५

## परिच्छेद चार

## **तथ्याङ्कको व्याख्या तथा विश्लेषण**

४.१ सार्वजतिक माध्यमिक विद्यालयहरुमा बालश्रमिकका सिकाई कठिनाइको अवस्था १६
४.१.१ सार्वजानिक माध्यमिक विद्यालयहरुको भर्नादर १८
४.१.२ बीचैमा कक्षा छोड्ने विद्यार्थीहरुको विवरण १८
४.१.३ कक्षा दोहोऱ्याउने विद्यार्थीहरुको विवरण १९
४.१.४ बालमजदुरी गर्ने विद्यार्थीहरुका श्रमका क्षेत्रहरु २१
क. कृषि मजदुर २२
ख. घरेलु मजदुर २४
ग. होटल मजदुर २६

#.यातायात मजदुर २७
ङ.कारखाना मजदुर २८

४.२. बालमजदुर बालबालिकाले मजदुरी गर्न कारणहरु २९
४.२.१ अभिभावकहरूको शिक्षा प्रतिको दृष्टिकोण सकारात्मक नहुनु ३१
४.२.२ परिवारको आकार ठूलो हुनु ३१
४.२.३ बालबालीका तथा परिवारका रदस्यहरुमा स्वास्थ्य समस्या भएर ३२
४.२.४ कमजोर आर्थिक अवस्था भएर ३३
४.२.५ निशुल्क श्रमिकको रुपमा छोराछोरीको प्रयोग गरिनु ३३
४.२.६ शिक्षक तथा बिद्यार्थीहरुको भेदभावपूर्ण व्यवहार ३४
४.२.७ विद्यालयको वातावरण वालमैत्री नहुनु ३४
४.२.८ कक्षामा अनुत्तीर्ण हुनु ३५
४.३ बालमजदुर विद्यार्थीले भोगेका कठिनाइ ३६
४.३.१ अधिक समय श्रम गर्ने ३७
४.३.२ भैतिक तथा मानसिक यातना सहनुपर्ने ३७
४.३.३ घरेलु हिंसा ३७
४.३.४ बर्गिय विभेद ३८
४.३.५ संरक्षकत्वको अभाव ३८
४.४ बालमजदुर विद्यार्थीका समस्या समाधानका उपायहरु ३९
४.४.१ शिक्षालाई व्यबहारीक बनाएर ४०
४.४.२ अभिभावकहरूलाई शिक्षाको महत्व वुझाएर ४०
४.४.३ गरिवी न्यूनीकरण गरेर ४०
४.४.४ छात्रवृत्तिको सदुपयोग गरेर ४१
४.४.५ विद्यालयमा हुने भेदभाव को अन्त्य गरेर ४१
४.४.६ बालबालिका सम्वन्धी कानुनको प्रभावकारी कार्यान्वयन गरेर ४१
४.४.७ शैक्षिक सामग्रीको समुचित प्रयोग गरेर ४२

## परिच्छेद पाँच

## प्राप्ति, निष्कर्ष र सुझाव


५.१ प्राप्ति ४०

५.२ निष्कर्ष ४१

५.३ सुझाव ४३

५.३.१ नीतिगत तह ४३

५.३.२. अभ्यास तह ४४

५.३.३ अनुसन्धान तह ४४

**सन्दर्भग्रन्थ सूची**

**अनुसूचीहरु**

# तालिकाहरुको सूची


| तालिका नं. | शिर्षक | पेज नं. |
|---|---|---|
| १. | माध्यमिक तहको विद्यार्थी भर्नादर र बीचैमा कक्षा छोड्ने दर | १७ |
| २. | बीचैमा विद्यालय छोड्ने छात्रछात्राको विवरण | १९ |
| ३. | कक्षा दोहोऱ्याउने विद्यार्थीहरुको विवरण | २० |
| ४. | बालमजदुरी गर्ने विद्यार्थीहरुका श्रमा क्षेत्रहरु | २१ |
| ५. | कृषि मजदुरकारुपमा संलग्न बालबालिकाहरुको कार्य विवरण | २३ |
| ६. | घरेलु मजदुरकारुपमा संलग्न बालबालिकाहरुको कार्य विवरण | २४ |
| ७. | होटल मजदुरकारुपमा संलग्न बालबालिकाहरुको कार्य विवरण | २६ |
| ८. | यातायात मजदुरका रुपमा संलग्न बालबालिकाहरूको कार्य विवरण | २७ |
| ९. | कारखाना मजदुरका रुपमा संलग्न बालबालिकाहरूको कार्य विवरण | २९ |
| १०. | बालबालिकाहरूले बालमजदुरी गर्नाका कारणहरू | ३०/३१ |
| ११. | बालमजदुर विद्यार्थीले भोग्नुपरेका कठिनाइहरु | ३७ |
| १२. | बालमजदुर विद्यार्थीका शैक्षिक उपलब्धिको अवस्थालाई बढाउने उपायहरू | ३९ |